# क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम
# ११–१४ फागुन २०७४, काठमाडौँ, नेपाल

**हातेपत्र २.३[६]. राम्रा अभ्यास : घरेलु काममा बाल श्रम रोक्न तथा साना उमेरका घरेलु श्रमिकको संरक्षणका लागि सहयोग गरिरहेका घरेलु श्रमिक सङ्गठनहरू** (स्रोत : घरेलु काममा बाल श्रमबारे अन्तर्राष्ट्रिय घरेलु श्रमिक महासङ्घ तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको हाते पुस्तिका)

घरेलु बाल श्रमिकसँगै तथा तिनका तर्फबाट हुने प्रभावकारी पैरवी र उनीहरूलाई आवश्यक सेवाको प्रभावकारी प्रवाह सँगसँगै हुनुपर्ने कुरा विश्वका विभिन्न भागहरूको अनुभवबाट देखिएको छ । यस्ता सेवाहरूले घरेलु बाल श्रमिकको ज्ञान तथा आत्मविश्वास बढाई अभिभावक, रोजगारदाता एवं समुदायमा रहेका अन्य मुख्य साझेदारको विश्वास पनि विकास गर्दछन् । यसै अनुरूप नै, पैरवीबिनाको सेवाले व्यक्तिलाई जति नै महत्वपूर्ण सुविधा उपलब्ध गराए पनि यसले बृहत् दिगो परिवर्तन भने ल्याउन सक्दैन ।

## पैरवी तथा सेवा प्रवाहको अन्तर्निर्भरता

### राष्ट्रिय घरेलु श्रमिक अभियान, भारत

भारतको राज्य स्तरमा रहेका यस अभियानका शाखाहरूले घरेलु बाल श्रमिकका लागि विभिन्न सेवा विकास गरेका छन् । यस अन्तर्गत घरेलु बाल श्रमिकको विद्यालय भर्ना तथा शैक्षिक सहयोग, सीप विकास तालिम, उद्धार तथा सङ्कटमा हस्तक्षेप, आपसी सहयोग तथा विमर्श सेवा, सडक नाटकमा सहभागिता तथा खेलकुदका क्रियाकलाप पर्दछन् । अभिभावक, सामुदायिक अगुवा तथा शिक्षकको चेतना अभिवृद्धिका लागि हुने व्यक्तिगत तथा सामूहिक छलफल, बैठक तथा तालिम कार्यक्रमम पनि सँगसँगै हुन्छन् । यस अभियानमा संलग्न धेरै बालबालिकाहरू बाल क्लब स्थापना गरी र्‍याली, पत्रकार सम्मेलन, सरकारी अधिकारीसँगको संवाद, हस्ताक्षर सङ्कलन लगायतका क्रियाकलापमा सक्रिय रही बाल श्रममाथि प्रतिबन्ध लगाउन एवं सबै घरेलु श्रमिकको संरक्षणका लागि कानुन निर्माण गर्न दबाब दिँदै छन् ।

अभियानका क्रियाकलापहरू

सन् २००६देखि यस अभियानले विद्यालय छाडेका वा नगएका (६देखि १४ वर्ष उमेरका) घरेलु बाल श्रमिकका लागि अनौपचारिक कक्षा सञ्चालन गर्दै आएको छ । घरेलु बाल श्रमिकलाई जम्मा गरी योग्य शिक्षकले विभिन्न विषयमा कक्षा सञ्चालन गर्दछन् । हरेक दिन तिन घण्टा र हरेक हप्ता छ दिन कक्षा सञ्चालन हुन्छ । उनीहरूलाई किताब, शैक्षिक सामग्री तथा पौष्टिक खाना पनि प्रदान गरिन्छ । सर्वप्रथम अभियानको समूह तथा शिक्षकहरूले श्रमिकका आमाबालाई भेटी शिक्षा तथा बालबालिकालाई अनौपचारिक कक्षामा पढाउनुको महत्वबारे बुझाउँदै ती कक्षामा बालबालिकाले आफ्ना साथीसँग बसी विभिन्न कुरा सिक्ने र औपचारिक शिक्षाका लागि आफूलाई तयार गर्ने कुरा जानकारी दिन्छन् ।
यसका शिक्षकहरू स्थानीय विद्यालयको नियमित सम्पर्कमा रहन्छन् । सन् २००६देखि हालसम्म करिब ७०० बाल श्रमिकले अनौपचारिक शिक्षा प्राप्त गरिसकेका छन् । प्रायः घरेलु बाल श्रमिकका आमाहरू पनि घरेलु श्रमिक नै हुने भएकाले उनीहरू अभियानकर्मीसँग रचनात्मक संवादमा संलग्न हुन तयार नै हुन्छन् ।

यो अभियानको अर्को राम्रो अभ्यास भनेको बालबालिका तथा महिलाको बेचबिखन विरुद्ध चेतना अभिवृद्धि कार्यक्रम हो । बेचबिखन व्यापक भएका जिल्लामा अभियानले प्रचार सामग्रीको वितरण; सडक नाटक; अभिभावक, सामुदायिक अगुवा तथा अधिकारप्राप्त निकायसँगको संवाद; विद्यालय भ्रमण; सञ्चार अभियान लगायतका क्रियाकलाप समेटी एक एकीकृत कार्यक्रम गर्दछ । केही निश्चित क्षेत्रमा बालबालिकाको बेचबिखन अनुगमन एवं बेचबिखनकर्ताको पहिचान र कारबाहीका लागि युवा समितिहरू गठन गरिएका छन् ।

**सिकाइहरू**

यस अभियानका सिकाहरू यस प्रकार छन् :

- श्रमिकका अभिभावकसँग सम्बन्ध विकास गर्नु पहिलो प्राथमिकता हुनुपर्छ ।
- अभिभावक तथा श्रमिक दुबैसँगको निरन्तर सम्पर्क र दुबैका लागि अन्य क्रियाकलाप जरुरी छन् ।
- तथ्याङ्क सङ्कलन निरन्तर जारी रहनुपर्छ ।
- बालबालिकालाई आफ्नै समूह निर्माण गरी आफैँभित्रबाट नेतृत्व विकास गर्न लगाउनु महत्वपूर्ण छ ।
- वयस्क श्रमिकलाई बाल संरक्षण तथा दुर्व्यवहार एवं शोषणका घटना सम्बोधनका विषयमा उत्प्रेरणामूलक तालिम दिन अनिवार्य छ ।
- उस्तै उद्देश्य भएका समूहसँगको सञ्जाल निर्माण पनि जरुरी छ ।

उदाहरण : विहारको राष्ट्रिय घरेलु श्रमिक अभियान

जनसङ्ख्याका आधारमा भारतको तेस्रो ठुलो राज्य विहारमा प्रायः घरेलु श्रमिकहरू महिला छन् । आफ्नो दैनिक जीवनको अधिकांश समय काममै बिताउने भए पनि उनीहरू आफ्ना परिवारसँग सुकुम्बासी बस्तीमा बस्दछन् । उनीहरूका श्रीमान्ले रिक्सा तान्ने, रङ् लगाउने, घर बनाउने लगायत जे काम पाइन्छ त्यही गर्छन् । प्रायः पुरुषहरू रक्सी खान्छन् । ती समुदायका बालबालिका भने शिक्षा, स्वास्थ्य, सफाइ लगायतका आधारभूत हकबाट पनि वञ्चित छन् । बाल श्रमिकहरूले दुर्व्यवहार तथा शोषणबाट संरक्षण पाएका छैनन् ।

करिब ९९ प्रतिशत बालिकाहरू घरेलु काममा संलग्न छन् । करिब चार वर्षको कलिलो उमेरदेखि नै उनीहरू आफ्नी आमालाई सघाउन थाल्छन् र अलिकति ठुला हुने बित्तिकै आफैँ काम गर्छन् । त्यहाँको 'बालापन बचाऊ अभियान'ले हालै गरेको एक अध्ययन अनुसार विद्यालय जाने भनेर सूचीकृत गरिएका दरभङ्गा जिल्लाका छदेखि १४ वर्ष उमेरका धेरै बालबालिका वास्तवमा नयाँ दिल्लीमा बँधुवा श्रमिकका रूपमा कार्यरत छन् । यस उमेर समूहका समग्र बालबालिकामध्ये २५ प्रतिशत विद्यालय बाहिर रहेको अध्ययनको निष्कर्ष छ । घरेलु काम लगायत सबै क्षेत्रमा १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउनु प्रतिबन्धित भए पनि राज्यका निकायहरू यस्ता रोजगारदाताप्रति 'अत्यन्त नरम' छन् ।

यस राज्यका ग्रामीण तथा आदिवासी समुदायका बालबालिकालाई दलालहरूले प्रादेशिक राजधानी पटना तथा अन्य स्थानका घरमा बेचेर वा ल्याएर राखेका छन् र उनीहरू पूर्णकालीन घरेलु श्रमिक बनेर काम गर्न बाध्य छन् । यी बालबालिकाहरूले शारीरिक, यौन तथा भावनात्मक दुर्व्यवहार प्रायः भोगिरहनुपर्छ र अधिकांशले कामको ज्याला पनि पाउँदैनन् । उनीहरूलाई बाहिर जान वा परिवारलाई भेट्न दिइँदैन । आदिवासी समुदायबाट बालबालिका बेपत्ता बनाइनु सामान्य भइसकेको छ ।

## वयस्क तथा बाल घरेलु श्रमिकका लागि वैकल्पिक विद्यालय : जाला पिआर्टी, घरेलु श्रमिक सञ्जाल, इन्डोनेसिया

जाला पिआर्टी सन् २००४को जुलाईमा स्थापना भएको घरेलु श्रमिकको राष्ट्रिय स्तरको पैरवी सञ्जाल हो । यसमा घरेलु श्रमिकको संरक्षणमा केन्द्रित २६ गैरसरकारी संस्था तथा समूह संलग्न छन् । यस सञ्जालले योग्याकार्तामा घरेलु श्रमिकका लागि रमपन वैकल्पिक विद्यालय सञ्चालन गर्दछ । विशेषतः १५ वर्ष उमेर पूरा भएका युवा घरेलु श्रमिकका लागि यस विद्यालयले ड्राइभिङ, अङ्ग्रेजी, कम्प्युटर, घरेलु व्यवस्थापन, शिशु स्याहार, आधारभूत नर्सिङ, स्वास्थ्य तथा सुरक्षा, प्रजनन अधिकार लगायत विभिन्न विषयमा कार्यक्रम सञ्चालन गर्दछ । यस बाहेक नाट्यकला, सङ्गीत तथा खेलकुदका विषयमा पनि विभिन्न कार्यक्रम सञ्चालित छन् । आफ्ना अधिकार एवं तिनको संरक्षणबारे घरेलु श्रमिकको चेतना अभिवृद्धि गर्ने ध्येयले यस विद्यालयलाई विशिष्ट पहिचान दिएको छ । मानव अधिकार, श्रम अधिकार, बाल अधिकार, लैङ्गिक समानता, शासन व्यवस्था तथा नागरिक कर्तव्य, कानुन, घरेलु श्रमिक सङ्गठनको स्थापना तथा सशक्तीकरण लगायत विषयका सत्रहरू पनि यी कार्यक्रममा समेटिएका हुन्छन् ।

जाला पिआर्टीको कार्यक्रमबाट प्रभावित भई यस सञ्जालका अन्य सदस्यले पनि घरेलु बाल श्रमिकका लागि यस्तै विद्यालय सञ्चालन गरेका छन् । यसले गर्दा घरेलु काममा बाल श्रमिकको संलग्नता विरुद्ध एवं साना उमेरका घरेलु श्रमिकको संरक्षण र सङ्गठनीकरणका लागि लड्ने बलियो अभियानकर्मीका रूपमा यस सञ्जालको पहिचान स्थापित भएको छ । योग्याकार्ताको प्रदेश सरकार तथा स्थानीय जनशक्ति (श्रम) कार्यालयले यस सञ्जालले विकास गरेको रोजगारी सम्झौता तथा संरक्षण सम्बन्धी मापदण्डलाई रोजगारदाता एवं घरेलु श्रमिकबीच राम्रो सम्बन्ध कायम गर्ने अनि साना उमेरका घरेलु श्रमिकका लागि राम्रो काम गर्ने वातावरण प्रदान गर्ने नमुनाका रूपमा पहिचान गरेका छन् ।

## सञ्जाल निर्माण तथा सहकार्य सबलीकरण : सुमापी फिलिपिन्स

सन् १९९५मा स्थापना भएको सुमापी, फिलिपिन्सका घरेलु श्रमिकको पहिलो सङ्गठन हो । मानव बेचबिखन तथा घरेलु दासत्व सहन बाध्य लगायत जोखिममा रहेका प्रवासी श्रमिकको सशक्तीकरणका लागि एवं बाल श्रमका विरुद्ध कार्यरत बिसयन फोरम नामको एक गैरसरकारी संस्थाको सहयोगमा यसको स्थापना भएको हो । आइतबारको हप्ते बिदामा एकै ठाउँ जम्मा हुने, विशेष गरी महिला लगायत साना उमेरका घरेलु श्रमिकसम्म पुगेर उनीहरूको सङ्गठन बनाउनु सुमापीको ध्येय हो । पार्क, विद्यालय, चर्च तथा बेचबिखनकर्ताको आवतजावत हुने अन्य स्थानमा भएका समूहको सञ्जालबाट यस संस्था निर्मित छ । उनीहरू सबै मिलेर विशेषतः घरेलु बाल श्रमिक लगायत घरेलु श्रमिकको दुःखबारे जानकारी गराउँछन् । कानुनी सुधार, बेचबिखन नियन्त्रण, सुरक्षित बसाइँसराइँ, घरेलु बाल श्रमिकको शिक्षाको प्राथमिकता लगायतका १० बुँदाको कार्य सूचीले यस संस्थालाई निर्देशित गर्दछ ।

नागरिक समाजका अन्य संस्थालाई पनि आफ्नो अभियानमा संलग्न गराई कानुनी कमजोरी पहिचान गर्न क्षेत्रीय निकायहरूसँग पैरवी गर्ने क्षमतालाई सुमापीको विशिष्ट सबलता मानिएको छ । उदाहरणका लागि, फिलिपिन्सको घरेलु श्रम कानुन (बातास कासाम्बाहाय)को मस्यौदा तयार गरी यसलाई पारित गर्ने क्रममा सुमापीले राष्ट्रिय प्राविधिक कार्य समूहका बैठकमा नियमित सहभागी भई यस कानुनबारेको छलफलमा निर्णायक भूमिका निर्वाह गर्‍यो । फल स्वरूप यो कानुन सन् २०१३ जनवरीमा पारित भयो । यससँगै अन्तर्राष्ट्रिय श्रम सङ्गठनको घरेलु श्रमिकबारे महासन्धि १८९ (२०११) पारित

गर्नका लागि नागरिक समाजले गरेको पैरवीलाई सुमापीले नेतृत्व प्रदान गर्‍यो । लगत्तै सन् २०१२मा फिलिपिन्सले यो महासन्धि पारित गर्दै यस महासन्धिको दोस्रो पक्ष राष्ट्रका रूपमा आफूलाई उभ्यायो । सुमापीका एक अगुवा भन्छन्, "हाम्रा धेरै सदस्यहरू राजनीतिक तथा सार्वजनिक प्रशासनका अधिकारीसँग कुरा गर्दै घरेलु बाल श्रमिकका अधिकारबारे पैरवी गर्दै छन् । गत वर्ष सम्बोधनका क्रममा हाम्रा राष्ट्रपतिले घरेलु बाल श्रमिकको संरक्षणका लागि राष्ट्रिय कानुनको टड्कारो आवश्यकता रहेको बताएका थिए । अर्थात्, घरेलु बाल श्रमिकका आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्छ भनेर सरकारले पनि बुझेको छ ।"

केबुका सुमापी अगुवा आर्नोल्डको कथा

"उच्च शिक्षाको पहिलो वर्षमा म सुमापीको सदस्य बनेँ । म केबु सहरमा घरेलु बाल श्रमिक थिएँ र मेरा रोजगारदाताले मलाई राम्रो व्यवहार गरिरहेका छैनन् भनेर मैले बुझेकै थिइँन । मलाई सुत्नका लागि उनीहरूले छुट्टै कोठा वा ओछ्यान दिएका थिएनन् । म भण्डारमा सुत्थेँ । अरूले खाएर बचेको खान्थेँ । मलाई पन्चिङ् ब्यागका रूपमा व्यवहार गरिन्थ्यो । यति हुँदाहुँदै पनि म विद्यालय जान्थेँ । त्यसैले मलाई मेरा प्राचार्य (प्रिन्सिपल)ले सहयोग गरे । अनि मैले बिसयन फोरम र सुमापीबारे थाहा पाएँ । सुमापीले के गर्छ अनि घरेलु बाल श्रमिकका अधिकार के हुन् भन्ने पनि बुझेँ । उनीहरूले देखाएको एउटा भिडियो हेरेपछि मेरा रोजगारदाताले ममाथि गरेको व्यवहार नराम्रो रहेछ भनेर मैले बुझेँ । मेरा पनि अधिकार रहेछन् भनेर थाहा पाएँ । आफूमाथि दुर्व्यवहार भएको थाहा पाएपछि म पनि सुमापी स्वयंसेवक बनेँ । एक जना कर्मचारीले रोजगारदाताका विरुद्ध मुद्दा हाल्ने हो त भनेर पनि सोधे, तर मैले मानिनँ किनकि म कसैलाई घात गर्न चाहान्नथेँ । त्यसैले मैले काम जारी राखेँ । तर एक दिन त मेरा रोजगारदाताले मतिर बन्दुक नै पो तेर्स्याए । एक गोली चलाएँ, धन्न मलाई केही भएन । त्यसपछि मैले मुद्दा हालेँ । सुनुवाइका क्रममा मैले आफ्ना अधिकार मागेँ । एक विमर्शकर्ताले केरा कुरा ध्यान दिएर सुने र मलाई सहयोग गरे । त्यसपछि म पनि अगुवा बनेँ । स्कुले पढाइ सकिएपछि सुमापीले मलाई वेल्डिङ् तालिम लिन छात्रवउत्ति दियो । आज म अनुमतिप्राप्त वेल्डर भएको छु ।"

## रोजगारदाताको संलग्नतामा घरेलु बाल श्रमिकलाई सहयोग : ओटे सावा, तान्जानिया

ओटे सावा, तान्जानियाको म्वान्जामा रहेको वर्तमान तथा पूर्व घरेलु बाल श्रमिकहरूको समूह हो । आफ्ना अधिकारको वकालत गर्दै सबै प्रकारका दुर्व्यवहार, यौन हिंसा तथा बाल श्रमबाट मुक्त रहनु यस संस्थाका सदस्यहरूको ध्येय हो । हालसम्म यस संस्थाले सयौँ वर्तमान तथा पूर्व घरेलु बाल श्रमिकलाई तालिम प्रदान गरी अभियानकर्मीहरूको एक सञ्जाल खडा गरेको छ । यी अभियानकर्मीहरू हरेक तिन महिनामा एक पटक भेला भई समसामयिक विषयहरूमा छलफल गर्छन् र आगामी रणनीति तय गर्छन् । यस समूहले वैकल्पिक रोजगारीका लागि सीप विकास गर्न पनि आफ्ना सदस्यलाई सहयोग गर्छ ।

आफ्ना सदस्यहरू मार्फत् यस समूहले विभिन्न घरेलु बाल श्रमिकको उद्धार गरी विमर्श सेवा प्रदान गरेको छ । घरेलु बाल श्रमिकको संरक्षणका लागि विभिन्न नियम बनाउने प्रक्रियामा यो संस्था स्थानीय अधिकारीसँग सहकार्य गर्छ । रेडियो छलफल र सञ्चार माध्यमका अन्य कार्यक्रममा पनि नियमित सहभागी हुन्छ । सन् २०१२मा औपचारिक दर्ता भएको तान्जानियाली घरेलु श्रमिक गठबन्धनको गठनका लागि पहल गर्न पनि यो संस्थाले नेतृत्व गरेको थियो ।

बाल अधिकारको कदरका लागि ओटे सावाको रोजगारदातासँग सहकार्य

"हाम्रो समूह स्थापना भएको बेलासम्म प्रायः रोजगारदाताले आफूले घरेलु बाल श्रमिक राखेको कुरा खुलेर स्विकार्दैनथे । ती बालबालिका आफ्ना आफन्त भएको बताउँथे, अनि बालबालिकापछि सत्य पत्ता लाग्यो भने आफ्नो काम गुम्न सक्छ भनेर त्यसै भन्थे । चार वर्षअघिसम्म रोजगारदाताले लुकाएर राखेका यस्ता बालबालिका पहिचान गर्नु अत्यन्त चुनौतीपूर्ण हुन्थ्यो । बालबालिका पनि चुप लागेर बस्थे, आफ्ना समस्याबारे खुलेर छलफल गर्न तयार थिएनन् । लाग्थ्यो कि उनीहरू आफ्ना अवस्थासँग हारिसकेका छन् ।
त्यसपछि हामीले रोजगारदातालाई बालबालिकाका अधिकारबारे सचेत गरायौं र घरेलु बाल श्रमिकको पहुँचमा पुग्यौं । बालबालिकालाई विद्यालय फर्काउन अभिभावकलाई मनाउनका लागि हामीले बालबालिका ऐन २००९लाई आधार बनायौं भने रोजगारदाताको अनुगमन गरी उनीहरूले बाल अधिकारको सम्मान गरिरहेका छन् भन्ने सुनिश्चित गर्न एक रोजगारदाता समूह नै परिचालन गरेका छौं । सन् २००९मा हामीसँग कार्यरत रोजगारदाताको सङ्ख्या १२ थियो भने चार वर्षपछि यो २००भन्दा बढी पुगिसकेको छ ।"

[i] This is a Nepali translation of a summary from IDWF-ILO (2017). Handout H2.3 – Good practices: Domestic workers' organizations helping to stop child labour in domestic work and protecting young domestic workers, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 136-140. Available in https://goo.gl/3Zaicr